यो आकाशवाणी हो

08 December 2024

मुख्य समाचार

- प्रधानमन्त्रीले पूर्वोत्तर राज्यहरूमा भइरहेका प्रगतिको गर्नुभयो प्रशंसा
- देशको सुरक्षामा सीमा सुरक्षा बलको योगदान विशिष्ट रहेको गृहमन्त्रीको भनाई
- प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि राजस्थान र हरियाणाको भ्रमणमा रहनु हुने
- सिरियामा विद्रोही सेनाले राजधानी कब्जा गरेपछि राष्ट्रपतिले देश छोड्नुभयो
- दोस्रो टेस्टमा अस्ट्रेलियाले भारतलाई पराजित गरेर सिरिज बराबरीमा ल्यायो, अनि
- भारतलाई हराएर बंग्लादेशले अन्डर-19 एशिया कपको उपाधि जित्यो

प्रधानमन्त्री-अष्टलक्ष्मी महोत्सव

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पूर्वोत्तर राज्यहरूमा राम्रो सञ्चार, डिजिटल समावेशीकरण र पूर्वाधारमा लगानीको माध्यमबाट भएको प्रगतिको प्रशंसा गर्नुभएको छ।

श्री मोदीले केन्द्रीय मन्त्री श्री ज्योतिरादित्या सिन्धियाको एउटा लेखका विषयमा सोशियल मिडियामा प्रतिक्रियाहरू साझा गर्दै यस्तो विचार व्यक्त गर्नुभएको हो। लेखको विषय विकसित भारतको सपना साकार पार्न पूर्वोत्तरको भूमिका रहेको थियो। प्रधानमन्त्रीले पूर्वोत्तर क्षेत्रमा कपडा, पर्यटन अवसर र परम्परागत शिल्पको महत्वलाई उजागर गर्ने अष्टलक्ष्मी महोत्सवको पनि प्रशंसा गर्नुभएको छ।

नयाँ दिल्लीस्थित भारत मण्डपममा तीनदिने अष्टलक्ष्मी महोत्सव आज समापन हुँदैछ। यसको लक्ष्य यस क्षेत्रका आठ राज्यहरूको सौन्दर्य, विविधता र दृढतालाई प्रकाशमा ल्याउनु रहेको छ। यी राज्यहरूमा असम, अरुणाचल प्रदेश, मेघालय, मणिपुर, नागाल्याण्ड, मिजोरम, त्रिपुरा र सिक्किम पर्छन्। महोत्सवमा २५० भन्दा बढी कारीगरले ३४ वटा जीआई ट्याग गरिएका वस्तुहरू सहित आफ्ना अनुपम शिल्प, हस्तकला र कृषि-बागवानी उत्पादनहरू प्रदर्शन गरेका थिए।

अमित शाह - सीमा सुरक्षा बल

गृहमन्त्री श्री अमित शाहले वीरता, शौर्य अनि बलिदानका आधारमा सीमा सुरक्षा बलले बितेको ६ दशकदेखि देशको सीमा सुरक्षाको पहिलो पंक्तिलाई बलियो बनाउने काम गर्दै आएको बताउनु भएको छ। आज जोधपुरमा सीमा सुरक्षा बलको ६०औँ स्थापना दिवसलाई सम्बोधन गर्दै श्री शाहले सन् १९६५ देखि सीमा सुरक्षा बलले देशको पूर्वी र पश्चिमी सीमानाको सुरक्षामा उत्कृष्ट काम गरेको बताउनु भयो। अनुप्रवेश, नक्कली नोट, अनि वामपन्थी अतिवाद रोक्न सीमा सुरक्षा बलले विभिन्न मोर्चामा काम गरेको गृहमन्त्रीले बताउनुभयो। गृहमन्त्रीले सीमा सुरक्षा बलविना देशको बढ्दो सुरक्षा आवश्यकता पूरा गर्न नसकिने बताउनु भयो। यही कारणले २५ वटा गणसहित स्थापना भएको सीमा सुरक्षा बल निरन्तर विस्तार भइरहेको छ।

गृहमन्त्रीले वर्षौंदेखि देशको सीमा सुरक्षासम्बन्धी नीति अस्पष्ट रहेको तर मोदी सरकारले यसतर्फ गम्भीर भएर काम गरिरहेको बताउनु भयो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा देशको सुरक्षा परिदृश्यमा ठूलो परिवर्तन भएको उहाँले बताउनु भयो। श्री अमित शाहले भारत सरकारले सीमा क्षेत्रको पूर्वाधार सुदृढीकरणमा विशेष ध्यान दिएको र यसका लागि हरेक वर्ष बजेटमा विशेष व्यवस्था गर्ने गरेको बताउनुभयो। सीमावर्ती गाउँमा बसोबास गर्नेहरूलाई सम्मान, रोजगारी र सबै आधारभूत सुविधा उपलब्ध गराउन सरकारले सीमावर्ती गाउँका लागि जीवन ग्राम योजना सुरु गरेको बताउनुभयो।
गृहमन्त्रीले अर्धसैनिक बललाई आधारभूत सुविधा उपलब्ध गराउन र समस्या समाधान गर्न सरकारले निरन्तर पहल गरिरहेको जनाउनुभयो।

प्रधानमन्त्री राजस्थान-हरियाणा

प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि राजस्थान र हरियाणाको भ्रमणमा रहनु हुनेछ। राजस्थानमा, प्रधानमन्त्रीले जयपुर प्रदर्शनी र सम्मेलन केन्द्रमा राइजिङ राजस्थान ग्लोबल समिट 2024 को उद्घाटन गर्नुहुनेछ। यस अवसरमा उहाँले त्यहाँ उपस्थित जनतालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।
दिउँसो प्रधानमन्त्रीले पानीपतमा बीमा सखी योजनाको शुभारम्भ गर्नु हुनेछ । यो योजना कक्षा १० उत्तीर्ण गरेका १८ देखि ७० वर्ष उमेर समूहका महिलाहरूलाई सशक्त बनाउनका लागि शुरु गरिएको हो। कार्यक्रममा प्रधानमन्त्रीले हरियाणाको कर्नालमा रहेको महाराणा प्रताप बागवानी विश्वविद्यालयको मुख्य परिसरको शिलान्यास पनि गर्नु हुनेछ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

पञ्जाब स्थानीय निकाय चुनाउ

पञ्जाबमा 21 दिसम्बरको दिन शहरी स्थानीय निकायको चुनाउ हुँदैछ। जसमा पाँच नगर निगम अनि नगरपालिका र नगर पञ्चायतका ५९८ वार्डका लागि मतदान हुनेछ। बिहान ७ बजेदेखि बेलुकी ४ बजेसम्म मतदान हुनेछ भने सोही दिन मतगणना पनि हुनेछ । मतदानका लागि इलेक्ट्रोनिक भोटिङ मेसिन प्रयोग हुनेछ ।

जयशंकर मनामा

विदेश मन्त्री डा. एस जयशंकरले मनामा संवादमा पश्चिम एसियाका सम्बन्धमा भारतको व्यापक रणनीतिक दृष्टिकोण राख्नु भएको छ। उहाँले भारतको आर्थिक र रणनीतिक हितमा यस क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो। बहराइनको राजधानीमा भएको संवादको पूर्ण सत्रलाई सम्बोधन गर्दै उहाँले यस्तो विचार साझा गर्नुभएको हो। डा. जयशंकरले खाडी क्षेत्रमा भारतीय मूलका लगभग एक करोड मानिस बसोबास गर्ने र भूमध्यसागरीय देशहरूमा भारतीय मूलका लगभग ५० लाख रहेको बताउनुभयो । उहाँले भारत र पश्चिम एसियाबीचको द्विपक्षीय सम्बन्ध र आर्थिक विकासमा प्रवासी समुदायको महत्वपूर्ण योगदान रहेको बताउनु भयो ।

सिरिया राष्ट्रपति

सिरियामा भएको महत्वपूर्ण घटनाक्रममा विद्रोही सेनाले २४ वर्षको शासनको अन्त्य गर्दै राजधानी दमास्कस कब्जा गरेको छ । राष्ट्रपति श्री बसर-अल-असद आज देश छोडेर गुप्त स्थानमा गएको खबर छ। विद्रोहीले दुई साताभन्दा कम अवधिमा चार प्रमुख सहर आफ्नो नियन्त्रणमा लिएका छन्।

सिरियाको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने आफ्नो दृष्टिकोणलाई जोड दिँदै इजरायलले बफर जोन र अन्य रणनीतिक लक्ष्यहरूमा सुरक्षा बलहरू तैनाथ गरेको छ।

तिब्र गतिमा भइरहेको घटनाक्रम विकासका कारण यस क्षेत्रमा तनाव उत्पन्न भएको छ । लेबनानले बेरुतलाई दमास्कससँग जोड्ने बाहेक सिरियासँगको आफ्नो सबै भूमि सिमाना बन्द गरिरहेको बताएको छ। जोर्डनले पनि सिरियासँगको सीमा बन्द गरेको छ । गत महिनाको २७ तारिखदेखि सिरियामा विद्रोही सेना र सरकारी सुरक्षा बलहरूबीच झडप बढेको थियो।

महिला क्रिकेट

महिला क्रिकेटमा आयोजक अष्ट्रेलियाले ब्रिसबेनस्थित एलेन बोर्डर मैदानमा भएको दोस्रो एकदिवसीय अन्तर्राष्ट्रिय म्याचमा भारतलाई १२२ रनले पराजित गरेको छ । ३७२ रनको लक्ष्य पछयाएको भारतीय महिला टीम २४९ रनमा अलआउट भयो । यो जितसँगै अष्ट्रेलियाले तीन म्याचको एकदिवसीय श्रृङ्खलामा २–० को अजेय अग्रता बनाएको छ। श्रृङ्खलाको अन्तिम म्याच 11 तारिक हुनेछ।

क्रिकेट - भारत-अष्ट्रेलिया

बोर्डर–गावस्कर क्रिकेट ट्रफीको दोस्रो टेस्टमा अस्ट्रेलियाले भारतलाई १० विकेटले पराजित गरेको छ। यो जितसँगै पाँच म्याचको श्रृङ्खलामा १–१ को बराबरी भएको छ। दोस्रो पारीमा भारतलाई १७५ रनमा अलआउट गर्दै आयोजक टीमले १९ रनको लक्ष्य सहजै पुरा गरेर म्याच तेस्रो दिनमा नै जितेको हो।

पहिला ब्याटिङ गर्ने निर्णय गरेपछि भारतीय टीमले पहिलो पारीमा १८० रन बनाएको थियो भने अष्ट्रेलियाले आफ्नो पहिलो पारीमा ३३७ रन बनाएर १५७ रनको अग्रता लिएको थियो।

हकी-एसिया कप

ओमानको मस्कटमा भइरहेको जुनियर एसिया कप महिला हकी प्रतियोगितामा आज भारतले बंगलादेशसँग खेल्नेछ।

समूह ए अन्तर्गत हिजो भएको खेलमा चीनले बंगलादेशलाई १९ गोलले हराएको थियो भने मलेसियाले थाइल्याण्डलाई ३ गोलले हराएको थियो। समूह बीमा जापानले श्रीलंकालाई १५ गोलले हराएको थियो।

क्रिकेट एशिया कप

दुबईमा सम्पन्न अन्डर-19 एशिया कप क्रिकेट टूर्नामेन्टको फाइनलमा बांग्लादेशले भारतलाई 59 रनले जितेर उपाधि आफ्नो बनाएको छ। पहिला ब्याटिङ गर्दै बंग्लादेशले भारतलाई जीतका लागि 199 रनको लक्ष्य दिएको थियो। लक्ष्यलाई पछयाउँदै भारतले केवल 139 रन मात्र संग्रह गर्न सकेपछि नवौं पल्ट उपाधि जित्नबाट भारत बन्चित हुन पुग्यो।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- प्रधानमन्त्रीले पूर्वोत्तर राज्यहरूमा भइरहेका प्रगतिको गर्नुभयो प्रशंसा
- देशको सुरक्षामा सीमा सुरक्षा बलको योगदान विशिष्ट रहेको गृहमन्त्रीको भनाई
- प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि राजस्थान र हरियाणाको भ्रमणमा रहनु हुने
- सिरियामा विद्रोही सेनाले राजधानी कब्जा गरेपछि राष्ट्रपतिले देश छोड्नुभयो
- दोस्रो टेस्टमा अस्ट्रेलियाले भारतलाई पराजित गरेर सिरिज बराबरीमा ल्यायो, अनि
- भारतलाई हराएर बंग्लादेशले अन्डर-19 एशिया कपको उपाधि जित्यो